# सुन्दरहरैँचा नगरपालिका

**SUNDARHARAINCHA MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**Office of Municipal Executive**

विराटचोक, मोरङ

**Biratchowk, Morang**

१ नं प्रदेश, नेपाल

नगरकार्यपालिकाको कार्यालय सुन्दरहरैँचा नगरपालिका मोरङ, प्रदेश नं. १, नेपाल २०७३

गोपालप्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

प्रथम पटक प्रकाशित मितिः-२०७७/०६/०१

**विषयः- हाल भएका फलफुल नर्सरी क्षमता अभिवृद्धिको प्रस्तावना आव्हान गरिएको सुचना ।**

यस सुन्दरहरैँचा नगरकार्यपालिकाको आ.व २०७७/०७८ को संघिय ससर्त अनुदान तर्फ हाल भएका फलफुल नर्सरी क्षमताको अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने भएकाले यस कृषि प्रशार शाखामा दर्ता/ नविकरण भएका कृषक /कृषक समुह/सहकारी /निजि फार्म दर्ता भएका नर्सरीले तपशिल बमोजिम आवस्यक कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७७/०६/१५ गते) यस नगरपालिकाको कृषि विकास शाखामा आवेदन दर्ता गराउनु हुन यस सुचना मार्फत जानकारी गराइन्छ । साथै म्याद नाघि आएका आवेदन उपर यस कार्यक्रममा समावेस गराइने छैन ।

**<u>कार्यक्रम संचालनका आधारभुत पक्ष</u>**

१। हाल रहेका फलफुल नर्सरी बाली विरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानि दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी स्थापना भएको हुनुपर्नेछ । सुन्तलाजातका फलफुल नर्सरीको हकमा समुन्द्री सतहबाट १२०० मिटर भन्दा माथि मात्र नर्सरी हुनुपर्नेछ ।

२। जालि घर भएमा कम्तिमा २ रोपनी र खुल्ला जग्गामा भए कम्तिमा ५ रोपनिमा नर्सरी हुनु पर्नेछ ।

३। आफ्नै स्वमित्वको जग्गा नभई करारमा खेति गरिएको भए कम्तिमा पनि १० वर्षको करार सम्झौता पत्र ।

४। वार्षिक रुपमा १०००० देखि १५००० गुणस्तरिय बिरुवा उत्पादन क्षमता भएको हुनुपर्दछ ।

५। फलफुल नर्सरीमा सिँचाइ बिजुलि संचार र यातायतको सुविधा भएको हुनु पर्नेछ ।

६। कृषि बिषय अध्यन गरेको /नर्सरी बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको कृषक/समुह/फर्म प्राथिमिकता दिने र वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गरेको हुनु पर्नेछ ।

**<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

- निवेदन
- समुह/सहकारिको सिफारिस र निर्णय प्रतिलिपी फार्म/ सस्था दर्ता प्रमाण पत्र
- नेपालि नागरिकताको प्रतिलिपी , जग्गा धनि पुर्जाको प्रतिलिपि ,करार सम्झौता
- वडा कार्यलयको सिफारिस
- कृषि विषय/ तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि

फरिन्द्र प्रसाद भट्टराई
शाखा प्रमुख